annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २४६ पृष्ठ ८ | काठमाडौं, शुक्रबार २६ पुस २०८१ | पौष शुक्लपक्ष एकादशी नेपाल संवत् ११४५ | FRIDAY, JANUARY 10, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# १० वर्षमा २८,५०० मेगावाट, यस्तो छ, ऊर्जाको मार्गचित्र

सरकारको लक्ष्य छ- १० वर्षमा २८ हजार ५ सय मेगावाट विद्युत् उत्पादन गर्ने । स्वदेशमा खपत हुन नसक्ने विद्युत् भारत, बंगलादेश र चीन निर्यात गरी व्यापार घाटा कम गर्ने र विदेशी मुद्रा आर्जन गर्ने । भारतसँग त १० वर्षमा १० हजार मेगावाट निर्यात गर्ने सहमति भइसकेको छ, बंगलादेशमा निर्यात सुरु भइसकेको छ । चीनसँग विद्युत् व्यापारका लागि अन्तरदेशीय प्रसारणलाइन निर्माणको चरणमा छ ।

**सुनिता कार्की** | *काठमाडौं*

– को रिपोर्ट

### सन् २०२४ को अवस्था

कुल जडित क्षमता
३,२४३ मेगावाट

वार्षिक प्रतिव्यक्ति विद्युत् खपत
४०० युनिट

विद्युत् निर्यात
७०० मेगावाट

प्रसारण प्रणाली
६,५०७ सर्किट किमि

सबस्टेसन
१३,०५० एमभीए

विद्युत्मा पहुँच
९८ प्रतिशत

वार्षिक आन्तरिक विद्युत् माग
१२,७०० गिगावाट घण्टा

### योजना तथा कार्यक्रम

- कानुनी, नीतिगत, संस्थागत एवं प्रक्रियागत सुधारका कार्यक्रम
- ऊर्जा उत्पादन सम्बन्धी कार्यक्रम
- जनशक्ति एवं वित्तीय स्रोतको व्यवस्थापन सम्बन्धी कार्यक्रम
- ऊर्जाको माग र आपूर्ति व्यवस्थापन सम्बन्धी कार्यक्रम
- विद्युत् व्यापार सम्बन्धी कार्यक्रम
- प्रसारण-वितरण प्रणाली र भौतिक पूर्वाधार विकासका कार्यक्रम

### सन् २०३५ को लक्ष्य

कुल जडित क्षमता
२८,५०० मेगावाट

वार्षिक प्रतिव्यक्ति विद्युत् खपत
१,५०० युनिट

विद्युत् निर्यात
१५,००० मेगावाट

प्रसारण प्रणाली
१७,४४६ सर्किट किमि

सबस्टेसन
४०,००० एमभीए

विद्युत्मा पहुँच
१०० प्रतिशत

वार्षिक आन्तरिक विद्युत् माग
४०,७७० गिगावाट घण्टा

सरकारको आगामी १० वर्षको बिजुली उत्पादनको लक्ष्य




समाचार पृष्ठ २

# रास्वपा सभापति रवि लामिछाने धरौटीमा रिहा



**कृष्णमणि बराल** | *पोखरा*

सूर्यदर्शन सहकारी ठगी प्रकरणमा पक्राउ परेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति एवं गोर्खा मिडिया नेटवर्क प्रालिका पूर्वप्रबन्ध निर्देशक रवि लामिछाने रिहा भएका छन्। जिल्ला अदालत कास्कीको आदेशपछि बिहीबार साँझ ६५ लाख धरौटी बुझाएर लामिछाने रिहा भएका हुन्।

थुनछेक बहसपछि न्यायाधीश नीतिज राईको एकल इजलासले लामिछानेलाई धरौटीमा रिहा गर्ने आदेश गरेको थियो। गत कात्तिक २ गते काठमाडौंबाट पक्राउ परेका लामिछाने ८४ दिनपछि रिहा भएका हुन्। उनीविरुद्ध जिल्ला अदालत काठमाडौंले यसअघि नै पक्राउ पुर्जी जारी गरिसकेको छ।

काठमाडौं महानगरपालिका १४ मा सञ्चालित स्वर्णलक्ष्मी सहकारीबाट बचतकर्ताको अर्बौं रकम हिनामिना भएको प्रकरणमा लामिछानेविरुद्ध पक्राउ पुर्जी जारी गरिएको हो। प्रहरी स्रोतका अनुसार लामिछाने काठमाडौं जिल्ला अदालतमा आफैं उपस्थित हुने छन्।

सूर्यदर्शन सहकारीका बचतकर्ताको रकम अपचलन गरेको आरोपमा लामिछाने गत कात्तिक २ गते काठमाडौंस्थित राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय कार्यालयबाट पक्राउ परेका थिए। कास्की जिल्ला अदालतमा बुधबार प्रतिवादीतर्फका कानुन व्यवसायीहरूको बहस सकिएपछि बिहीबार सरकारी वकिलले जवाफी बहस गरेका थिए। सरकारी वकिलले जवाफी बहसका क्रममा सहकारी ठगी गरेको पर्याप्त प्रमाण भएकाले लामिछानेलाई पुर्पक्षका लागि थुनामै राख्नुपर्ने तर्क गरेका थिए।

लामिछानेमाथि सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरण कसुरमा समेत मुद्दा दायर भएको छ। यही पुस ७ गते सरकारी वकिलको कार्यालय, कास्कीले सहकारी ठगीको आरोपमा लामिछानेसहित ४४ जनालाई प्रतिवादी बनाएर मुद्दा दर्ता गरेको थियो।

लामिछानेसहित १९ जनाविरुद्ध संगठित अपराधमासमेत मुद्दा चलाइएको छ। लामिछानेसँगै पूर्वडीआईजी छवि जोशी पनि रिहा भएका छन्।

» बाँकी पृष्ठ ८

# अमेरिकामा भयानक आगलागी, एक लाखले छाडे घर

**राधा खनाल** | *काठमाडौं*



क्यालिफोर्निया राज्यको लस एन्जलसको जंगलमा लागेको आगो अमेरिकाकै धनाढ्य बस्ने सहरमा फैलिएको छ। आगोले विकराल रूप लिएपछि क्यालिफोर्निया राज्यमा एक लाखभन्दा धेरै मानिस घर छाडेर भाग्न बाध्य भएका छन्। लस एन्जलस सहरको धनाढ्यको बस्ती आसपास अझै आगो फैलिरहेको छ। स्थानीयहरू घर छाडेर भागिरहेका दृश्य सामाजिक सञ्जालमा छाएका छन्।

एक हजार वर्ग किलोमिटरभन्दा बढी क्षेत्रफलमा फैलिएको आगो तीव्र वेगको हावाका कारण निभाउन सकस भएको स्थानीय सरकारले सूचनामार्फत जानकारी दिएको छ। मंगलबार सुरु भएको आगोले हालसम्म ४ हजार ८ सय ५६ हेक्टर क्षेत्रफल प्रभावित भएको छ। आगलागीमा लगभग १ हजार १ सय भवन पूर्ण रूपमा जलेका छन्। साथै २८ हजार घरमा क्षति पुगेको छ। अन्तर्राष्ट्रिय सञ्चारमाध्यम बीबीसीका अनुसार उक्त क्षेत्रका अधिकांश भवनहरू भत्किएका छन्। मानिसहरूले ज्यान गुमाएका छन् तर अहिलेको भन्दा पनि अझै खराब परिस्थिति आउनै बाँकी रहेको चेतावनी पनि स्थानीय सरकारले दिइरहेको छ।

» बाँकी पृष्ठ ३

